# बिद्दालय पनि रक्तदानमा



चितवन जिल्लाको भरतपुर महानगर पालिका वडा नं २७ मा अबस्थित श्री जानकी माध्यमिक बिद्दालयको स्थापना पौष १०, २०२५ मा भएको हो। शुरुमै एकै चोटी नि. मा. बि. स्तर सम्म पढाई हुने गरी स्थापित यो बिद्दालय क्रमशः २०३१ सालमा मा. बि. तहको स्वीकृति प्राप्त गरी २०५८ सालमा उ.मा. बि. हुदै हाल कक्षा ११/१२ मा बिज्ञान बिषय समेत सन्चालन हुदै आइरहेको छ। चितवन जिल्लाको सुदुर पश्चिममा राप्ती र नारायणी नदीको सङ्गमको निकटमै रहेको बिद्दालय क्षेत्र अन्तर्गत लगभग ४० प्रतिशत थारु तथा जनजातीको बाहुल्यता रहेको छ। बिद्दालयको पहिलो एस. एल. सी. ब्याच २०४० देखि हाल २०८० सम्म आइ पुग्दा हजारौ बिधार्थीहरु यो बिद्दालयबाट दिक्षित भै सक्नु भएको छ।

यस बिद्दालयको प्रथम ब्याच २०४० का प्रथम बिधार्थी डा. नन्दलाल रेग्मी (हाल: बरिष्ट अनुसन्धान बैज्ञानिक, युनिभर्सिटी अफ टेक्सास, साउथवेस्टर्न मेडिकल सेन्टर, डालास , टेक्सास, संयुक्त राज्य अमेरिका) ज्युको प्रमुख संरक्क्षत्वमा ब्लड डोनर्स अफ अमेरिका (बिडीए), द्वारा भाद्र १ , २०७८ मा बिडिए - इरा स्मृति छात्रवृति अक्षय कोष को स्थापना भएको छ। बिडिएका तत्कालिन केन्द्रिय सदस्य स्व. इरा आचार्यको स्मृतिमा स्थापित उक्त अक्षय कोषको ब्याजबाट यस बिद्दालयमा अध्ययनरत आर्थिक बिपन्न तथा जेहेन्दार तिन जना बिधार्थीहरुलाई अध्ययनको लागि प्रेरित र सहयोग गर्ने उद्देश्य राखेको छ।

अक्षय कोषको ब्याजबाट प्राप्त रकमबाट (अक्षय कोष स्थापनाको समयमा भएको अनुबन्ध पत्रमा व्यवस्था बमोजिम) यस बर्ष पहिलो पटक तीन जना छात्रछात्राहरुले जनही रु १५,०००.०० (पन्ध्र हजार) का दरले छात्रवृति प्राप्त गरेका छन। सुबिना खनाल (२०७८ को एसइइ प्रथम ), जसी महतो (कक्षा १२ मा प्रथम, बिपन्न तथा जेहेन्दार) र सुजन काफ्ले (कक्षा ९, बिपन्न तथा जेहेन्दार) ले छात्रवृति प्राप्त गरेका छन्। सुरुमा रु ५,००,०००.०० (पाँच लाख) राशिको अक्षय कोषमा क्लिनिक नेपाल मेघौली, चितवनले रु २,००,०००. (दुई लाख) थप गरे पश्चात अहिले जम्मा रु ७,००,०००.०० (सात लाख) राशी को भएको छ।

श्री जानकी मा.बि. मेघौली र बिडिए अमेरिका बीच भएको सम्झौता बमोजिम प्रत्येक बर्ष जुन १४ (बिस्व रक्तदाता एबं बिडिए स्थापना दिवस) का दिन छात्रवृति वितरण र रक्तदान कार्यक्रम सम्पन्न गर्ने व्यवस्था भए अनुसार मिति २०८०/१२/३२ गते बृहत रक्तदान कार्यक्रम सम्पन्न भयो। अत्यधिक गर्मीका बाबजुद पनि ३२

जना महानुभावहरुले रक्त दान गर्नु भयो। रक्तदान जस्तो जीबनदायी कार्यमा बिद्दालय पनि सामेल हुने यो अवसर प्रदान गरि दिनु भएको मा बिडिए अमेरिका र त्यसका निबर्तमान अध्यक्ष एबम यस बिधालयका पुर्ब बिधार्थी, हाम्रो प्रेरणाका  श्रोत डा. नन्दलाल रेग्मी ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु।  आगामी दिनहरुमा रक्तदान जस्तो पुनित कार्यमा विद्दालय सधै सहभागी रहिरहने प्रतिबद्दता समेत जाहेर गर्दछु।

यस अवसरमा बिडिए तथा सोसाइटी अफ अमेरिकी नेपाली नर्सेसको जुलाई २१-२२, २०२३ बाल्टिमोर, मेरील्याण्डमा हुन गैरहेको चौथो संयुक्त रास्ट्रिय सम्मेलनको सफलताको  शुभकामना पनि दिन चाहन्छु।

प्रध्यानापक

दुर्गा प्रसाद सापकोटा

श्री जानकी मा.बि., मेघौली,

चितवन, नेपाल